# अनुसूची १

## नेपाली सेनाको सांगठनिक संरचना




स्रोत : 'व्यवस्थापिका-संसद, राज्य व्यवस्था समितिको मिति २०६६ आश्विन २१ गतेको बैठकमा प्रस्तुत गरिने रक्षा मन्त्रालय र नेपाली सेनासम्बन्धी प्रतिवेदन,' रक्षा मन्त्रालय, पृ. ३० (अप्रकाशित) ।

## अनुसूची २

## हालसम्मका प्रधानसेनापति

१. काजी कालु पाँडे
२. काजी वंशराज पाँडे
३. काजी दामोदर पाँडे
४. काजी अभिमानसिंह बस्न्यात
५. जनरल कमाण्डर-इन-चीफ भीमसेन थापा
६. काजी रणजंग पाण्डे
७. जनरल कमाण्डर-इन-चीफ माथवरसिंह थापा
८. प्रधानसेनापति जंगबहादुर कुँवर राणा
९. बमबहादुर कुँवर राणा
१०. कृष्णबहादुर राणा
११. रणोद्दीपसिंह राणा
१२. जगतशमशेर राणा (विसं १९३३–३६)
१३. धीरशमशेर राणा (१९३६–४१)
१४. जीतजंग राणा (१९४१–४२)
१५. खड्गशमशेर राणा (१९४२–४३)
१६. रणशमशेर राणा (१९४३–४४)
१७. देवशमशेर राणा (१९४४–५७)
१८. चन्द्रशमशेर राणा (१९५७–५८)
१९. भीमशमशेर राणा (१९५८–८६)
२०. जुद्धशमशेर राणा (१९८६–८९)
२१. रूद्रशमशेर राणा (१९८९– ९०), २०१० सालमा अतिरथी घोषित
२२. पद्मशमशेर राणा (१९९०–२००२)
२३. मोहनशमशेर राणा (२००२–०५)
२४. बबरशमशेर राणा (२००५–०८)
२५. केशरशमशेर जबरा (२००८), २०१३ सालमा अतिरथी घोषित
२६. किरणशमशेर जबरा (२००८–१३)
२७. तोरणशमशेर जबरा (२०१३–१७)

२८. नीरशमशेर जबरा (२०१७–२२), २०२२ सालमा अतिरथी घोषित
२९. सुरेन्द्रबहादुर शाह (२०२२–२७), २०३४ सालमा अतिरथी घोषित
३०. सिंहबहादुर बस्न्यात (२०२७–३२)
३१. गुणशमशेर जबरा (२०३२–३६)
३२. सिंहप्रताप शाह (२०३६–४०)
३३. अर्जुननरसिंह राणा (२०४१–४४)
३४. सत्त्चितशमशेर जबरा (२०४४–४८)
३५. गडुलशमशेर जबरा (२०४८–५२)
३६. धर्मपालवरसिंह थापा (२०५२–५६)
३७. प्रज्वल्लशमशेर जबरा (२०५६–५९)
३८. प्यारजंग थापा (२०५९–६३)
३९. रूक्मांगद कटवाल (२०६३–६६)
४०. छत्रमानसिंह गुरूङ (२०६६- )

## अनुसूची ३

## तत्कालीन प्रधानसेनापतिको प्रस्टीकरण[1]

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं ।

विषय : सफाइ पेस गरिएको ।

१. सम्बन्ध पत्र प.सं. म.प.बै. ०६६ च.नं. १५, मिति : २०६६/१/६ गते ।

२. नेपाली सेनाले सदैव नेपाल सरकारका निर्देशनहरूलाई पालना गर्दै आफ्ना भूमिकाहरू निर्वाह गर्दै आएको छ । आफ्नो कार्य सञ्चालनका क्रममा प्रधानसेनापतिको हैसियतमा सदैव सैनिक ऐन, २०६३ को दफा ९ को उपदफा १ तथा दफा १० को उपदफा १ बमोजिम कार्य गर्दै आएको छु । यस सिलसिलामा प्रतिनिधिसभा घोषणा कार्यान्वयन, शान्ति सम्झौताको अक्षरशः पालना तथा गणतन्त्र कार्यान्वयनमा सहयोग पुऱ्याएको तथ्य सादर जानकारी गराउँछु । आफ्नो कर्तव्य निर्वाहका क्रममा मैले नेपाल सरकारलाई उपेक्षा गरेको नभई शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउनका लागि सकारात्मक सोच तथा हदैसम्मको व्यावहारिक लचकता अपनाई पूर्ण सहयोग गर्दै आएको र सोसम्बन्धी प्रतिबद्धतासमेत बारम्बार व्यक्त गर्दै आएको छु ।

३. सर्वप्रथम यो स्पष्टीकरण प्रस्तुत गर्ने क्रममा निम्न लिखित संवैधानिक एवं कानुनी प्रश्नहरूका बारेमा निवेदन गर्दछु :

    (क) नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४४(२) मा नेपाली सेनाको प्रधानसेनापतिको नियुक्ति मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले गर्नेछ भन्ने व्यवस्था रहेको छ भने उपधारा (३) मा नेपाली सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापन कानुनबमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले गर्नेछ भन्ने प्रावधानसमेत रहेको छ । यस स्थितिमा म निवेदक कार्यरत रहेको प्रधानसेनापति पदको नियुक्ति गर्ने

[1] सरकारले स्पष्टीकरण सोधेपछि तत्कालीन प्रधानसेनापति रूक्मांगद कटवालले २०६६ वैशाख ८ गते प्रधानमन्त्रीलाई दिएको प्रस्टीकरणको पूर्ण अंश ।

अधिकारी सम्माननीय राष्ट्रपतिज्यू रहनुभएको र कानुन व्यवस्थासम्बन्धी ऐन, २०१० को दफा १६ अनुसार नियुक्ति गर्ने अधिकारमा नै सेवाबाट हटाउने अधिकारसमेत रहेको कुरा निवेदन गर्दछु ।

(ख) म निवेदकको नियुक्ति पुनःस्थापित प्रतिनिधिसभाको घोषणाबाट संशोधित तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम भएकाले साबिक संविधानबमोजिम नियुक्ति भएको प्रधानसेनापतिको सेवालाई निरन्तरता दिनका लागि हालको सैनिक ऐन, २०६३ को दफा ११(४) मा व्यवस्था भएको परिप्रेक्ष्यमा अवकाश दिने दृष्टिकोण बनाई म निवेदकको हकमा सैनिक ऐन, २०६३ को दफा ११(३) को व्यवस्था प्रयोग गर्न नमिल्ने देखिएको व्यहोरा सादर निवेदन गर्दछु ।

४. उपरोक्त संवैधानिक एवं कानुनी प्रश्नहरूमा प्रतिकूल प्रभाव नपर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६६/१/६ गतेको निर्णय प्रति प्राप्त भएको सम्बन्धमा मेरो सफाइ विवरण निम्नअनुसार भएको व्यहोरा सादर अनुरोध गर्दछु ।

(क) नेपाल सरकार, रक्षा मन्त्रालयको निर्देशनविपरीत सैन्य भर्ना गरेको भन्ने सम्बन्धमा, नेपाली सेनामा विभिन्न कारणबाट (राजीनामा, निवृत्तिभरण, उपदान, मृत्यु तथा अन्य) विभिन्न पदहरूमा रिक्त हुन आएकाले स्वीकृत दरबन्दी संख्या घट्न गई सेनाको दैनिक कार्यमा कठिनाइ उत्पन्न भइरहेको हुँदा रिक्त हुन गएका पदहरूमा भर्नाका लागि नेपाली सेना, बलाधिकृत विभाग (व्य.यु.) व्यवस्था तथा नीति निर्देशनालय, योजना तथा नीति शाखाको प.सं. १४६१/६३/५१, मिति २०६४/२/८ गतेको पत्रबाट नेपाल सरकार, रक्षा मन्त्रालयसँग पत्राचार गरिएको थियो । उक्त मन्त्रालयको च.नं. ४८, मिति २०६४/२/९ गतेको पत्रबाट स्वीकृत दरबन्दी संख्याभित्र रिक्त हुन आएका पदहरूमा रिक्त राख्नुभन्दा नियमअनुसारका प्रक्रियाहरू पूरा गरी मागअनुरूपको खुला तथा आन्तरिक प्रतिस्पर्धाबाट नियमित रूपमा पदपूर्ति गर्दै जाने स्वीकृति दिने गरी मिति २०६४/२/९ मा नेपाल सरकार (सम्मानीय प्रधानमन्त्री तथा रक्षामन्त्री) को निर्णय भएकाले सोहीअनुसार गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध गरिन्छ भन्ने व्यहोराको पत्र प्राप्त भएकाले विस्तृत शान्ति सम्झौता हुँदाको बखत कायम रहेको नेपाली सेनाको स्वीकृत दरबन्दीमा नबढ्ने गरी रिक्त रहेका पदहरूमा मात्र सीमित रही नियमित रूपमा भर्ना गरिदै आएको र यसै क्रममा मिति २०६५/६/२९ गते जंगी

अड्डाबाट श्री रक्षा मन्त्रालयलाई रिक्त दरबन्दीहरू पूर्ति गर्न विज्ञापन गरी भर्ना भिक्नेबारे जानकारी गराइएको थियो ।

सोही बमोजिम मिति २०६५/०७/१७ र १८ गतेको गोरखापत्रमा सैन्य भर्नासम्बन्धी विज्ञापन गरी लोकसेवा आयोगको परामर्शबमोजिमको बोर्ड बसी नेपालका विभिन्न स्थानहरूमा भर्ना भिक्ने कार्य सुरु भई धेरै चरणहरू समाप्त भइसकेको अवस्थामा मिति २०६५/९/९ गते मात्र रक्षा मन्त्रालयबाट भर्ना भिक्ने प्रक्रिया स्थगन गर्ने पत्र प्राप्त भएकाले नियमित रूपले भर्ना भिक्ने प्रक्रिया अन्तिम चरणमा पुगिसकेको अवस्थामा भर्ना रोक्दा नेपाल सरकार तथा नेपाली सेनाप्रति नकारात्मक भावना पैदा भई अराजक स्थिति उत्पन्न हुनसक्ने हुँदा भर्ना भिक्ने प्रक्रिया रोक्न उचित नहुने व्यहोरा उल्लेख गरी नेपाली सेना, जंगी अड्डाको प.सं. ११९७६/क/३/भ.छ./०६५/६६/३२, मिति २०६५/९/१६ गतेको पत्रबाट श्री रक्षा मन्त्रालयलाई जानकारी गराइएको थियो ।

तत्पश्चात् रक्षा मन्त्रालयबाट सो सम्बन्धमा कुनै पनि थप निर्देशन प्राप्त नभएको हुँदा भर्नासम्बन्धी प्रक्रिया जारी राखी मिति २०६५/१०/२४ छनोट भएका व्यक्तिहरूलाई नियुक्तिपत्र प्रदान गरी तालिममा पठाइसकिएकोले उक्त भर्ना प्रक्रिया नेपाल सरकार, रक्षा मन्त्रालयको निर्देशनअनुरूप नै नियमित प्रक्रियाअन्तर्गत स्वीकृत दरबन्दी र स्वीकृत बजेटको परिधिभित्र रही गरिएको तथा विस्तृत शान्ति सम्झौताको दफा ५.१.२ को प्रतिकूल थप सैन्य भर्ना गरिएको नभई नेपाल सरकार, रक्षा मन्त्रालयको रेफ नं. १५५८/६४/६५, मिति ७ जनवरी २००८ को पत्रबाट नेपालका लागि संयुक्त राष्ट्र संघीय महासचिवका विशेष प्रतिनिधिलाई जानकारी दिइएको नेपाली सेनाको स्वीकृत दरबन्दी संख्या '९५,७५३' को परिधिभित्र रहेको र सो सम्बन्धमा जेएमसीसीमा समेत कुनै विवाद नभएकाले शान्ति सम्झौताको उल्लंघन नभएको स्पष्ट देखिन्छ ।

उक्त सैन्य भर्नासम्बन्धी कार्यलाई सम्वत् २०६५ सालको रिट नं. ०४८६ मा सम्मानित सर्वोच्च अदालतको पूर्ण इजलासबाट मिति २०६५/११/३० मा भएको आदेशले वैधता दिइसकेको र तत्पश्चात् कुनै पनि भर्नासम्बन्धी कार्य सञ्चालन नगरिएको व्यहोरा अनुरोध गर्दै उक्त मुद्दा हाल सम्मानित अदालतमा विचाराधीन रहेकाले अदालतमा विचाराधीन विषयका सम्बन्धमा सम्मानित अदालतबाट हुने अन्तिम आदेश फैसलाबमोजिम नै गर्ने व्यहोरा जानकारी गराउँछु । तसर्थ सैनिक ऐन,

२०६३ दफा ९ को उपदफा (१) तथा दफा १० को उपदफा (१) अनुकूल भएको व्यहोरा सादर अनुरोध गर्दछु ।

(ख) प्रधानसेनापतिबाट नेपाली सेनाका केही सहायकरथीहरूको पदावधि थप गर्न सिफारिस भएकोमा सोबमोजिम पदावधि थप नगर्ने भनी नेपाल सरकारबाट भएको निर्णय कार्यान्वयन नगर्न, नगराउन सम्मानित सर्वोच्च अदालतबाट अन्तरिम आदेश जारी भएकोमा सो आदेश कार्यान्वयन गर्ने सम्बन्धमा सैनिक ऐन, २०६३ को दफा १७ को उपदफा (३) विपरीत सहायकरथीहरूलाई काममा लगाएको भन्ने सम्बन्धमा नेपाली सेनामा कार्यरत आठजना वरिष्ठ सहायकरथीहरूको पहिलो पदावधि २०६५/१२/३ गतेबाट सकिने हुँदा उहाँहरू शारीरिक तथा मानसिक रूपमा सक्षम रहेको र उहाँहरूको सेवा नेपाली सेनालाई अति आवश्यक भएको भनी पदावधि थप गर्न ज्येष्ठ रथीको अध्यक्षतामा गठित बोर्डको रायअनुसार निजहरूको अन्तिम तीनवर्षे पदावधि थपका लागि मिति २०६५/१०/१३ गते नेपाल सरकार, रक्षा मन्त्रालयसमक्ष लेखी पठाइएकोमा उक्त मन्त्रालयको मिति २०६४/१२/६ गतेको पत्रबाट पदावधि थप नगर्ने सम्बन्धमा लेखी आएबमोजिम नेपाली सेना, सैनिक सचिव विभागको प.सं. ३०००/१/रि/खा/सै/स/७३, मिति २०६५/१२/०७ को पत्रबाट निज सहायकरथीहरूलाई अवकाशको पत्र दिइएको थियो ।[२]

सो सम्बन्धमा उहाँहरूले सम्मानित सर्वोच्च अदालतमा उत्प्रेषणसमेतको रिट निवेदन दायर गरी सो रिट निवेदनमा मिति २०६५/१२/११ गते सम्मानित अदालतबाट 'पछि लिखित जवाफ परेपछि पुनर्विचार गर्ने गरी प्रस्तुत मुद्दामा निवेदकहरूलाई अवकाश दिने गरेको रक्षा मन्त्रालयको मिति २०६४/१२/६ को च.नं. २३६२ को पत्र नेपाली सेना, सैनिक सचिव विभागको २०६५/१२/०७ को पत्रसमेत तत्काल कार्यान्वयन नगर्नु, नगराउनु भनी अन्तरिम आदेश जारी भएको हुँदा सोबमोजिम गर्नु, गराउनु हुनका लागि समेत जानकारी गराइन्छ' भन्नेसमेत अन्तरिम आदेशसहितको म्याद मिति २०६५/१२/७ गते प्राप्त भएकाले सम्मानित अदालतको आदेशअनुसार उहाँहरूलाई काममा लगाइएको र सोबारेमा रक्षा मन्त्रालयलाई प.सं. ३०००/१/रि/खा/सै/स, मिति

---

[२] यहाँ उल्लिखत रक्षा मन्त्रालयको पत्र मिति २०६५/१२/६ मा प्रेषित भएको हुनुपर्नेमा भूलवशः २०६४ साल लेखिएकाले प्रधानसेनापतिको पत्रमा पनि त्यसैअनुरूप उल्लेख गरिएको छ ।

२०६५/१२/१२ गतेको बोधार्थ पत्रबाट जानकारी गराइएको थियो । सो सम्बन्धमा पछि सम्मानित अदालतबाट हुने अन्तिम आदेश तथा फैसलाबमोजिम हुने नै हुँदा अदालतको आदेशबमोजिम भएको काम-कारबाहीबाट सैनिक ऐन, २०६३ को दफा १७ को उपदफा (३) विपरीत नभएको व्यहोरा सादर अनुरोध गर्दछु ।

(ग) हालै सम्पन्न पाँचौं राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रधानमन्त्रीको निर्देशनविपरीत नेपाल सरकारलाई जानकारी नदिई सो प्रतियोगिताका केही इभेन्ट्समा नेपाली सेनाको त्रिभुवन क्लबलाई भाग लिन रोक लगाएको भन्ने सम्बन्धमा, श्री रक्षा मन्त्रालयको प.सं. क.प्र./०६५/६६, च.नं. २५४२, मिति २०६५/१२/२६ गतेको पत्रबाट राष्ट्रिय खेलकुद महोत्सवमा नेपाली सेनाको टिमबाट केही खेलहरूमा सहभागिता नभएको सम्बन्धमा जानकारी माग भएकोमा नेपाली सेना, बलाधिकृत विभाग, सैनिक विनय महानिर्देशनालय, समारोह तथा प्रतियोगिता शाखा, जंगी अड्डाको प.सं. १००६/रा. खेल/२०६५/६६/१२८, मिति २०६५/१२/३० गतेको पत्रबाट राष्ट्रिय खेलकुद परिषद्द्वारा पाँचौं राष्ट्रिय खेलकुद सञ्चालन सम्बन्धमा जारी निर्देशिका तथा अन्तर्राष्ट्रिय खेलकुदको मान्यताविपरीत खेल सञ्चालन भएको व्यहोरा जनाई छओटा इभेन्ट्समा भाग नलिएको व्यहोरा जानकारी गराइएको थियो ।

पाँचौं राष्ट्रिय खेलकुद प्रतियोगिता नियमावलीको नियम ५ को सहभागिता भन्ने शीर्षकमा राष्ट्रिय खेलकुद परिषद्ले सञ्चालन गरेको क्षेत्रीय प्रतियोगिताबाट पाँच क्षेत्रीय टिम तथा विभागीय टिमहरूमा नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरीको टिम गरी जम्मा आठ टिमको सहभागिता रहनेछ भन्ने व्यवस्था रहेको र प्रतियोगिता सुरु भइसकेपछि राष्ट्रिय खेलकुद प्रतियोगिता नियमावलीविपरीत अन्य टिमलाई सहभागी गराइएकोमा नेपाली सेनाका तर्फबाट प्रतियोगितामा सहभागी भएका खेलाडीहरूले खेलमा भाग नलिने भनी निवेदन दिएकोमा सम्बन्धित विभागीय प्रमुखहरूको रायसल्लाह र सहमतिअनुसार केही इभेन्ट्सहरूमा त्रिभुवन क्लबका खेलाडीहरूले भाग नलिएको मात्र हो । लामो अन्तरालपछि आयोजना भएको राष्ट्रिय खेलकुदलाई भव्यताका साथ सम्पन्न गर्न नेपाली सेनाबाट उद्घाटन र समापन समारोहलगायत खेल व्यवस्थापनका लागि आवश्यक सहयोगसमेत उपलब्ध गराई अन्य

खेलहरूमा सक्रिय सहभागिता जनाइएको र नेपाली सेनाबाट प्रतियोगितामा भाग लिन रोक नलगाइएको व्यहोरा सादर अनुरोध गर्दछु ।

५. नेपाली सेना सदैव नागरिक प्रशासन एवं विधिको शासनप्रति प्रतिबद्ध भएकाले विगतमा भएका सबै राजनीतिक परिवर्तनहरूलाई सहजतापूर्वक ग्रहण गरी आएको र त्यसको प्रमुखको हैसियतले मसमेतले संवैधानिक सर्वोच्चता र राजनीतिक परिवर्तनलाई स्वीकार गरी आएको र भविष्यमा समेत यो अडानमा आफू अविचलित रहने व्यहोरा सादर अनुरोध गर्दछु । नेपाली सेना नेपाल सरकारको मातहतको अंग भएको हुँदा यसले नेपाल सरकार, रक्षा मन्त्रालयको जुनसुकै आदेश र निर्देशनलाई उच्च प्राथमिकतासाथ अनुशासित र पेशेवर ढंगले पालना गर्दै आएको र भविष्यमा पनि पालना गर्दै जाने कुरामा विश्वस्त गराउन चाहन्छु ।

नेपाल सरकारकै निर्देशनबमोजिम राष्ट्रिय महत्त्वका विकास निर्माण कार्यमा सेनाको सहभागिता, राष्ट्रिय निकुञ्जहरूको सुरक्षालगायत सेनालाई तोकिएको जिम्मेवारीका कार्यहरूको प्रभावकारी कार्यान्वयन र अनुगमन गर्दै राष्ट्रिय जिम्मेवारी वहन गर्न मअन्तर्गतका सकल दर्जालाई निर्देशन दिने कार्य मबाट भइरहेको छ । नेपाल सरकार र नेपाली सेनाबीचमा कुनै पनि प्रकारको असमझदारी नभएको र नेपाली सेनालाई विधिको शासन र नागरिक सर्वोच्चताका लोकतान्त्रिक मान्यताअनुसार नेपाल सरकारको कर्तव्यनिष्ठ र अनुशासित अंगको रूपमा विकसित गर्दै लैजाने कुरामा म सदैव प्रयत्नशील रहिरहनेछु । नेपालमा जारी शान्तिप्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउनका लागि विगतमा भएको द्वन्द्वका सबै किसिमका कटुतापूर्ण अवशेषलाई क्रमिक रूपमा समाप्त पार्दै व्यावहारिक रूपमा सद्भाव र मेलमिलापका बिन्दुहरू पहिल्याउँदै जाने क्रममा केही अप्ठ्याराहरू भएको भान हुनु स्वभाविकै हो । तर यसलाई क्रमशः निराकरण गर्दै दिगो शान्तिको लक्ष्य हासिल गर्ने नेपाली सेना र नेपाली सेनाको प्रधानसेनापतिको हैसियतमा म प्रतिबद्ध रहेको कुरा जानकारी गराउँदै सम्बन्धित पत्रहरूको छायाप्रति पाना २१ (सूचीअनुसार) यसैसाथ प्रेषित गरी सादर अनुरोध गर्दछु ।

**रूक्मांगद कटवाल**
महारथी
प्रधानसेनापति
मिति : २०६६/१/८

## अनुसूची ४
## राष्ट्रपतिको थमौती पत्र[३]

श्री महारथी रूक्मांगद कटवाल
प्रधानसेनापति
जंगी अड्डा, भद्रकाली, काठमाडौं

तहाँको पत्रबाट मैले तपाईंलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को पत्र संख्या म.प.बै.बाट ०६६ चलानी नं. ७४ को मिति ०६६/१/२० को पत्रद्वारा महारथी पदबाट अवकाश दिने निर्णय भएको जानकारी प्राप्त भएकामा सो सम्बन्धमा राजनीतिक सहमतिबाट समस्याको निकास खोज्न भनी मैले प्रधानमन्त्रीसमक्ष मिति १/२० मा नै मेमो लेखी पठाएको छु ।

यस पृष्ठभूमिमा सरकारबाट कटवाललाई सेनापतिबाट अवकाश दिइएको भनिएको सन्दर्भमा सरकारमा सहभागी राजनीतिक दलहरूले सो निर्णयप्रति असहमति जनाउँदै नेकपा एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिई सरकारबाट अलग भएको अवस्था र प्रधानसेनापतिको अवकाशसम्बन्धी विषयमा सरकारमा सहभागी अरू राजनीतिक दलले समेत सो निर्णयप्रति असहमति प्रकट गरेको पृष्ठभूमिमा नेपालको अन्तरिम संविधान, २०६३ ले राष्ट्रपतिले संविधानको संरक्षक र पालक तथा नेपाली सेनाको सर्वोच्च परमाधिपति तोकेको अवस्थालाई दृष्टिगत गरी प्रधानसेनापतिको अवकाशको तथा नयाँ नियुक्तिसम्बन्धी निर्णय संवैधानिक र प्रक्रियागत रूपमा पूर्ण नभएको र संविधानको भावना, मर्म र संवैधानिक व्यवस्थाअनुकूल बनाउन लेखिएको हुँदा वर्तमान अवस्थामा यथावत्

[३] तत्कालीन माओवादी नेतृत्वको सरकारले प्रधानसेनापति रूक्मांगद कटवाललाई बर्खास्त गर्ने निर्णय गरेपछि राष्ट्रपतिले पदमा यथावत काम गर्न २०६६ वैशाख २० गते पठाएको पत्र ।

रूपमा प्रधानसेनापतिको हैसियतमा निरन्तरता दिनु हुन राष्ट्राध्यक्ष तथा नेपाली सेनाको परमाधिपतिको हैसियतले निर्देश गर्छु ।

**रामवरण यादव**
राष्ट्रपति तथा नेपाली सेनाका परमाधिपति
शीतल निवास, राष्ट्रपतिको कार्यालय

बोधार्थ :
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालय
सिंहदरबार
मिति : २०६६/०१/२०

# अनुसूची ५
# संविधानसभालाई सेनाको सुझाव[४]

नयाँ संविधान निर्माण गर्न गठित विभिन्न समितिहरूका लागि आवश्यक सुझावहरू[४] :

## संवैधानिक समिति

*प्रस्तावना*

१. नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावनामा ...लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक, सामाजिक परिवर्तन तथा देशको सार्वभौमिकता, अखण्डता, स्वतन्त्रता र स्वाभिमानलाई केन्द्रमा राख्दै ...भनी उल्लेख भएकोमा राष्ट्रिय एकता, सामाजिक सामञ्जस्यता, बहुदलीय प्रजातन्त्र, अभिभाज्यता, मानवीय सुरक्षा, राष्ट्रिय सम्पदाको संरक्षण, शान्तिपूर्ण सहअस्तित्वजस्ता राष्ट्रिय हितका विषयहरू पनि उल्लेख गर्नुपर्ने ।

*संविधानको पहिलो भागमा रहने विषयवस्तुहरू*

१. सदियौँदेखि कायम रहेको नेपालको धार्मिक तथा सांस्कृतिक पहिचानलाई परिवर्तन गर्ने सार्वभौम अधिकार नेपाली जनतामा मात्र निहित रहेको हुँदा राजनीतिक निर्णय वा राजनीतिक दलहरूको सहमतिबाट मात्र निर्णय नगरी जनताको प्रत्यक्ष अभिमतद्वारा निर्णय भएमा सर्वमान्य हुने भएकोले यस्ता महत्त्वपूर्ण विषयहरू जनमत संग्रहद्वारा निर्णय हुनुपर्ने ।

*संकटकालीन अवस्थाको घोषणा*

१. नेपालको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह, चरम आर्थिक विशृंखलता तथा राजनीतिक,

---

[४] 'नयाँ संविधानमा हुनुपर्ने महत्त्वपूर्ण व्यवस्थाहरू तथा नयाँ संविधान निर्माण गर्न गठित विभिन्न समितिहरूका लागि आवश्यक सुझावहरू', नेपाली सेनाले २०६५ सालमा संविधानसभामा बुझाएको ३७ पृष्ठ लामो सुझाव । यहाँ सुझावका मुख्य अंशहरू मात्र उद्धृत गरिएको छ ।

प्राकृतिक आदि जस्ता विषम परिस्थितिका कारणले मुलुकमा गम्भीर संकट उत्पन्न भएमा राष्ट्रप्रमुखले नेपाल अधिराज्यभर वा कुनै खास क्षेत्रमा लागु हुने गरी संकटकालीन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सक्नेछ भनी उल्लेख गरिनुपर्ने ।

२. संघीय नेपालको कुनै पनि भू-भाग वा प्रादेशिक राज्यमा वा मुलुकभरि संकटकालीन अवस्थाको घोषणा गर्दा उक्त भू-भाग वा राज्यमा राष्ट्रपतीय (केन्द्रीय) शासन लागु हुनुपर्ने ।

***संक्रमणकालीन अवस्था***

१. संविधान लागु भएको वा नभएको अवस्थामा भएका सम्पूर्ण काम कारबाही तथा सरकारको सम्बन्धमा पछि बनेको संविधानले वैधानिकता प्रदान गर्ने व्यवस्था मात्र भएको हुँदा सोही विषय मात्र उल्लेख गरिनुपर्ने ।

२. संक्रमणकालीन अवस्थामा दीर्घकालीन राष्ट्रिय महत्त्वका कुनै पनि राजनीतिक निर्णय गर्नुपूर्व जनमत संग्रह गरी सोको परिणामलाई आधार मान्नुपर्ने ।

## अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति

***राज्य व्यवस्थामा समावेशीकरणका उपायहरू***

१. राज्यका कुनै पनि अंगहरूका स्थापित मापदण्ड, व्यावसायिकता, प्रभावकारिता, भूमिका, उद्देश्य आदिमा प्रभाव नपर्ने गरी अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार सुनिश्चित गरिनेछ भनी उल्लेख गर्नुपर्ने ।

## राज्यको पुनःसंरचना तथा राज्यशक्तिको बाँडफाँट समिति

***संघीय इकाइहरूको क्षेत्र निर्धारण गर्ने सिद्धान्त तथा आधारहरू***

१. भौगोलिक अवस्था र जनसंख्याको आधारमा संघीय इकाइहरूको क्षेत्र निर्धारण गर्नुपर्ने ।

२. केन्द्रीय सरकारको प्रत्यक्ष मातहतमा नेपाली सेना रहनुपर्ने । राज्यको संघीय स्वरूप निर्धारण भएपश्चात् त्यस्तो स्वरूपको आधार र सैनिक आवश्यकतालाई मध्यनजर गरी आवश्यकताअनुसार राज्यस्तरमा उपयुक्त सैनिक इकाइहरू तैनाथ गरिनुपर्ने ।

३. केन्द्रीय सरकारको कानुनअन्तर्गत रहेर राज्य सरकारले नेपाली सेनाको स्थानीय अंगलाई स्थानीय प्रशासनको सहयोग (एड टु सिभिल अथोरिटी) का लागि आवश्यक परेको अवस्थामा कानुनले तोकेको प्रक्रिया पूरा गरी परिचालन गर्नसक्ने व्यवस्था हुनुपर्ने ।

४. सुरक्षा निकायहरू, प्रहरी, सशस्त्र प्रहरी बल वा भविष्यमा खडा गर्न सकिने अन्य सुरक्षा बलहरूका बारेमा राज्य तथा केन्द्रीय सरकारबीच अधिकारको बाँडफाँट, नेतृत्व (चेन-अफ-कमाण्ड) तथा परिचालन प्रक्रियाबारेको स्पष्ट व्याख्या गर्नुपर्ने ।

५. देहायका विषयहरू केन्द्रीय सरकारअन्तर्गत रहनुपर्ने : (क) संविधान (ख) नागरिकता तथा राहदानी (ग) रक्षा नीति (घ) वैदेशिक नीति (ङ) मौद्रिक तथा अर्थ नीति (च) राष्ट्रिय राजमार्ग, रेलवे, हवाई, जलमार्ग तथा राष्ट्रिय स्तरका आयोजनाहरू तथा राष्ट्रिय सम्पदा (जस्तै ठूला जलविद्युत आयोजना, बहुप्रादेशिक प्राकृतिक सम्पदा, खनिज तथा विश्व संरक्षण सूचीमा परेका सम्पदा आदिबारे) (छ) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षहरू (ज) दूरसञ्चार नीति (झ) राज्यका सीमामा पर्ने नदीहरू (ञ) केन्द्रीय विश्वविद्यालय (ट) प्रादेशिक विवादहरूका समाधानका अधिकारहरू आदि ।

## राज्यको शासकीय स्वरूप निर्धारण समिति

### *सरकारको स्वरूप कस्तो हुनुपर्दछ*

१. एकात्मक वा संघात्मक नेपाल तथा राष्ट्रपतीय वा प्रधानमन्त्रीय वा मिश्रित शासन प्रणालीको प्रकृति र स्वरूप कस्तो हुनु पर्दछ भन्ने बारेमा जनमत संग्रह गरी त्यसको परिणामको आधारमा निर्धारण गरिनुपर्ने ।

## संवैधानिक निकायको संरचना निर्धारण समिति

१. अख्तियार दुरुपयोग अनुसन्धान आयोग :

(क) सैनिक ऐनको क्षेत्राधिकारभित्र पर्ने भ्रष्टाचार तथा अख्तियार दुरुपयोगसम्बन्धी विषयहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारभित्र पर्ने छैनन् भनी उल्लेख हुनुपर्ने ।

(ख)...तर यस संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी, सैनिक ऐन र अन्य कानुनले छुट्टै विशेष व्यवस्था भएको पदाधिकारीको हकमा यो उपधारा लागु हुने छैन भनी उल्लेख हुनुपर्ने ।

२. मानवअधिकार आयोग :

(क) यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सैनिक ऐनको क्षेत्राधिकारभित्रको विषयमा राष्ट्रिय मानवअधिकार आयोगलाई क्षेत्राधिकार हुने छैन भनी उल्लेख हुनुपर्ने ।

(ख) सैनिक व्यक्तिले मानवअधिकार तथा मानवीय कानुनको उल्लंघन गरेको सम्बन्धमा सैनिक ऐनबमोजिम अनुसन्धान गरी कारबाही हुनेछ भनी उल्लेख हुनुपर्ने ।

## मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति

### *मौलिक अधिकारमा बन्देजका आधारहरू*

१. सूचनाको हक : ...तर राष्ट्रिय सुरक्षासम्बन्धी सूचना तथा जानकारी दिन कर लगाइने छैन भनी उल्लेख हुनुपर्ने ।

२. गोपनियताको हक : ...तर नेपाली सेनाको रणनीतिक (स्ट्राटेजिक), अपरेसनल र ट्याक्टिकल सुरक्षामा आँच आउने विषयहरू, नेपाल सरकारले सार्वजनिक गरेकोबाहेक राष्ट्रिय सुरक्षासम्बन्धी सरकारी नीति निर्णयहरू, अति विशिष्ट तथा विशिष्ट व्यक्तिहरूको भ्रमण एवं सुरक्षा सम्बन्धमा, नेपाली सेना र अन्य सुरक्षा अंग, निकायहरूबीच आदानप्रदान भएको सैनिक महत्त्वको परामर्श, राय सुझाव, सूचना तथा लिखतहरू, अनुसन्धान तथा छानबिन भइरहेको सैनिक अदालतको अधिकार क्षेत्रभित्रका विषयहरू, सैनिक आदेशका विषयहरू आदि सम्बन्धी कुराहरूको गोपनियता कानुनद्वारा तोकिएको अवस्थामा कायम रहनेछ भनी उल्लेख गर्नुपर्ने ।

३. संवैधानिक उपचारको हक : ...तर सैनिक ऐनको क्षेत्राधिकारभित्र पर्ने सैनिक व्यक्तिहरूउपर कानुनबमोजिम केही मौलिक हकमा बन्देज लगाउन सकिनेछ भनी संविधानमै उल्लेख हुनुपर्ने (हाल सैनिक ऐनमा मात्र उल्लेख भएको) ।

## राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू

१. राज्यलाई बाह्य आक्रमणबाट जोगाउन तथा आन्तरिक शान्ति, सुशासन र सुव्यवस्था कायम गर्न बृहत् सुरक्षा नीति बनाई राष्ट्रको अखण्डता,

स्वतन्त्रता तथा सार्वभौमसत्ता कायम गर्न राज्यको प्रमुख उद्देश्य हुनेछ भनी उल्लेख गर्नुपर्ने ।

२. राज्यका निर्देशक सिद्धान्तहरूमा राष्ट्रिय सुरक्षासम्बन्धी महत्त्वपूर्ण नीतिहरू समेत उल्लेख हुनुपर्ने ।

## भाषासम्बन्धी अन्य विषय

१. देवनागरी लिपिमा नेपाली भाषा नेपालको राष्ट्रभाषा हो । नेपाली भाषा सरकारी कामकाजको भाषा हुनेछ ।

२. नेपालका विभिन्न भागमा मातृभाषाका रूपमा बोलिने सबै भाषाहरू नेपालका राष्ट्रिय भाषा हुन् ।

३. बुँदा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय निकाय तथा कार्यालयमा मातृभाषा प्रयोग गर्न कुनै बाधा पुर्‍याएको मानिने छैन ।

## न्यायालयको तह, स्वरूप र अधिकारक्षेत्र

१. अदालतको अधिकारक्षेत्र : ...तर सैनिक ऐन लागु हुने व्यक्तिले गैरसैनिक व्यक्तिको हत्या र जबर्जस्ती करणी गरेको बाहेकका कसुरहरूको अनुसन्धान, तहकीकात र कारबाही सैनिक अदालतहरूबाट हुनेछ । सैनिक अदालतहरूले गरेको फैसलाउपर सैनिक विशेष अदालतमा अन्तिम पुनरावेदन लाग्नेछ भनी उल्लेख गरिनुपर्ने ।

## राष्ट्रिय हितको संरक्षण समिति

### *नेपालको राष्ट्रिय हितको पहिचान र परिभाषा*

१. राष्ट्रिय हित भन्नाले त्यस्ता राष्ट्रिय स्वार्थका विषयहरू बुझिन्छ, जसको सम्बन्ध नेपाल राष्ट्रको अस्तित्व, पहिचान, स्वाधीनता, अखण्डता, स्वतन्त्रता, एकता आदिसँग प्रत्यक्ष रूपमा गाँसिएका हुन्छन् । यसलाई सर्वोपरी राखेर अन्तर्राष्ट्रिय सम्बन्ध, सन्धि-सम्झौता, संवैधानिक तथा कानुनी व्यवस्थालगायत राष्ट्रिय विकासका सम्पूर्ण गतिविधिहरू निर्देशित हुन्छन् । यी विषयहरूमा कहिले पनि कसैसँग कुनै प्रकारको सम्झौता गरिनु हुँदैन र यसको रक्षा तथा संरक्षणको लागि राष्ट्रिय शक्तिका सम्पूर्ण तत्त्वहरूलाई समूचित राज्यका सम्पूर्ण संयन्त्रहरू परिचालित हुन्छन्/प्रयोग गरिन्छ । नेपालको सन्दर्भमा राष्ट्रिय हितलाई देहायबमोजिम दुई वर्गमा वर्गीकरण गर्नुपर्ने हुन्छ :

(क) अति महत्त्वपूर्ण राष्ट्रिय हितहरू : (अ) सार्वभौमिकता- नेपाली जनताको सम्पूर्ण प्रभुसत्ता सम्पन्न सामर्थ्य जसबाट नेपाल राज्यको भित्री र बाहिरी विषयको वैधानिक राज्यगत सर्वोच्च शक्ति । (आ) भौगोलिक अखण्डता- नेपाल राष्ट्रको अन्तर्राष्ट्रिय भौगोलिक सीमा वा कुनै पनि भू-भागको अविछिन्नता, अटुटपना अथवा सिंगो अवस्था । (इ) स्वतन्त्रता- कुनै पनि प्रकारको शासकीय बाधा, रोकावट, बन्धन आदि नभई उचित तथा संगत काम र व्यवहार स्वयं गर्न पाउने अधिकार वा शक्ति । (ई) राष्ट्रिय एकता- सम्पूर्ण नेपाली जनता एक हुनाको भाव वा अवस्था जसले गर्दा विचार, उद्देश्य आदिमा सबै परम्पर मिलेर बस्ने काम । (उ) समृद्धि- समस्त नेपालीहरूको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक आदि पक्षहरूको उन्नति, प्रगति तथा सम्पन्नता ।

(ख) महत्त्वपूर्ण राष्ट्रिय हितहरू : (अ) सामाजिक सामञ्जस्यता- सम्पूर्ण नेपालीहरू एक आपसमा पूर्ण मेलमिलाप कायम गरी समाजमा रूप, गुण, धर्म आदिमा एक रूप हुनाको भाव वा अवस्था । (आ) बहुदलीय प्रजातन्त्र- प्रजा वा जनताद्वारा निर्वाचित, जनप्रतिनिधिद्वारा चलाइने शासन व्यवस्था, जनताद्वारा, जनताका लागि जनताकै राय सल्लाहबाट चलाइने शासन । (इ) शान्तिपूर्ण सहअस्तित्व- व्यक्ति-व्यक्ति वा राष्ट्र-राष्ट्रमा परस्पर एकअर्काको हक, हित वा मान मर्यादाको ख्याल गर्दै सुख शान्तिका साथ रहौं र बाँचौं भन्ने विचार । (ई) राष्ट्रिय सम्पदाको संरक्षण- प्राकृतिक सम्पत्ति वा साधनको संरक्षण । (उ) अभिभाज्यता- विभाजन गर्न नसकिने । (ऊ) स्वाभिमान- आफ्नो प्रतिष्ठा र महत्त्वमाथिको गरिमा, आत्मगरिमा तथा आफ्नो देश, जाति, संस्कृति आदिको सद्-अभिमान । (ए) मानवीय सुरक्षा- नेपाली जनताको जीउ, धन, समानता र स्वतन्त्रताको रक्षा तथा संरक्षण ।

## सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकताको संवैधानिक संरक्षणका उपायहरू

१. सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकताको संवैधानिक संरक्षण गर्न संविधानमा निम्नबमोजिम संवैधानिक व्यवस्था गर्नुपर्ने :

(क) 'नेपाल राज्यको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय एकताको रक्षा तथा नेपालको संविधानको संरक्षणको लागि नेपाली सेनाको संगठन रहनेछ' भनी संविधानमा उल्लेख गरिनुपर्ने ।

(ख) राष्ट्रभाषासम्बन्धी स्पष्ट संवैधानिक व्यवस्था हुनुपर्ने (भाषासम्बन्धी विषयमा बुँदा ११ मा विस्तृतमा उल्लेख गरिएको) ।

(ग) अन्तर्राष्ट्रिय सन्धि-सम्झौतासम्बन्धी स्पष्ट व्यवस्था गरिनुपर्ने (बुँदा नं. ६ को प्यारा ६ मा उल्लेख गरिएको) ।

(घ) नागरिकतासम्बन्धी स्पष्ट व्यवस्था गरिनुपर्ने (बुँदा १० मा उल्लेख गरिएको) ।

(ङ) राष्ट्रिय एकताको प्रतीकबारे संविधानमा स्पष्ट व्यवस्था हुनुपर्ने । विभिन्न जातजाति, धार्मिक, भाषिक आदि समुदायबीच रहेको सामाजिक सद्भाव, सामञ्जस्यता र मूल्य-मान्यतामा आधारित रहेको नेपालको बहुआयामिक पहिचानलाई अक्षुण्ण रूपमा कायम राख्न नेपाल राष्ट्रका एकीकरणका प्रवर्द्धक पृथ्वीनारायण शाहलाई राष्ट्रिय एकताको प्रतीकको रूपमा स्थापित गराउनु पर्ने ।

(च) विभिन्न जातजाति, धार्मिक, भाषिक आदि समुदायबीच रहेको सामाजिक सद्भाव, सामञ्जस्यता र मूल्य-मान्यता रहेको बहुआयामिक सांस्कृतिक पहिचानलाई अक्षुण्ण रूपमा कायम राख्न सर्वमान्य राष्ट्रिय संस्थाको स्थापना गरिनुपर्ने ।

(छ) राज्यका नीति निर्देशक सिद्धान्तमा परराष्ट्रसम्बन्धी महत्त्वपूर्ण नीतिहरू समेत स्पष्ट रूपमा उल्लेख गरिनुपर्ने ।

(ज) सीमा व्यवस्थापनसम्बन्धी स्पष्ट नीति हुनुपर्ने (प्यारा ३ को बुँदा ३ मा उल्लेख गरिएको) ।

(झ) राज्यहरूलाई आत्मनिर्णयको अधिकार प्रदान गर्दा केन्द्रबाट उक्त राज्य छुट्टिएर बेग्लै स्वतन्त्र राज्य खडा गर्ने वा अन्य देशसँग विलिन हुने आत्मनिर्णयको अधिकार नपाउने व्यवस्था संविधानमा उल्लेख गरिनुपर्ने ।

(ञ) राष्ट्रको सुरक्षा गर्ने अधिकार तथा नैतिक दायित्व प्रत्येक नेपाली नागरिकको हो भनी संविधानमा उल्लेख गरिनुपर्ने ।

## अन्तर्राष्ट्रिय सम्बन्ध

१. श्री ५ पृथ्वीनारायण शाहले निर्धारण गरेको 'जाई कटक नगर्नू झिकी कटक गर्नु' भन्ने उक्ति नेपालको अन्तर्राष्ट्रिय सम्बन्धको प्रारम्भिक रूप हो । राणाकालको उदय हुनुअघिसम्म वास्तविक अर्थमा नेपालको अन्तर्राष्ट्रिय सम्बन्धको खासै विकास भएको देखिंदैन । प्रथम राणा प्रधानमन्त्री जंगबहादुरले अंग्रेजसँग सम्बन्ध कायम गरेको देखिन्छ । वि.सं. २००७ सालसम्म भारत,

बेलायत, फ्रान्स र अमेरिकाजस्ता सीमित देशहरूसँग नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध स्थापित रहेकोमा पछि नेपालको परराष्ट्र नीतिमा व्यापक परिवर्तन आई अन्तर्राष्ट्रिय सभा, सम्मेलन तथा संयुक्त राष्ट्र संघमा समावेश भएको थियो । हाल नेपालको अन्तर्राष्ट्रिय सम्बन्धका मूल आधारहरू निम्न प्रकारका छन् : (क) असंलग्नता (ख) पञ्चशीलप्रति आस्था (ग) संयुक्त राष्ट्र संघको बडापत्रप्रतिको प्रतिबद्धता (घ) क्षेत्रीय सहयोग (जस्तै सार्क) अभिवृद्धि गर्न जोड (ङ) आणविक, जैविक र रासायनिक निःशस्त्रीकरण (च) भूपरिवेष्ठित मुलुकको हकहितको सुरक्षा (छ) साना तथा अविकसित मुलुकहरूको हकहितको सुरक्षा (ज) असल छिमेकीपनको भावना (झ) दबाब र भेदभावको विरोध (ञ) नयाँ अन्तर्राष्ट्रिय अर्थ व्यवस्थाप्रति समर्थन (ट) स्वतन्त्र परराष्ट्र नीति (ठ) विदेशी लगानी तथा एकद्वार नीति ।

माथि उल्लिखित बुँदाहरूलाई संविधानको राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरूको भागमा स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने ।

## राष्ट्रिय सुरक्षा

१. राष्ट्रिय सुरक्षाको अर्थ बृहत् भएको हुँदा राष्ट्रिय सुरक्षाको अवधारणा तर्जुमा गर्दा राष्ट्रिय सेना र अन्य सुरक्षा निकायमा मात्र सीमित नभई सुरक्षासँग सम्बन्धित सबै पक्षलाई समेटी बृहत् सुरक्षा अवधारणा तर्जुमा गर्नुपर्ने हुन्छ । तसर्थः राष्ट्रिय सुरक्षा गर्ने दायित्व पनि राज्यका सबै अंगहरूको हुन जान्छ ।

२. नेपालको राष्ट्रिय सुरक्षाको मुख्य दायित्व नेपाली जनतामा नै रहेको छ । नेपाली जनताबाट निर्वाचित व्यवस्थापिकाका सदस्यहरूबाटै कार्यकारिणी निकायको गठन हुने र यी निकायहरूबाटै राष्ट्रिय सुरक्षा नीति तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याकंन तथा पुनरावलोकनसमेत हुने गर्दछ । कार्यपालिकाले राष्ट्रिय सुरक्षा नीति कार्यान्वयन गराउन राष्ट्रिय शक्तिका साधन संयन्त्रहरू- राजनीतिक, आर्थिक, कूटनीतिक, सूचना तथा सञ्चार र सैनिक शक्तिलाई समन्वयात्मक ढंगबाट उचित प्रयोग गर्नु पर्दछ ।

३. राष्ट्रिय सुरक्षाका सन्दर्भमा न्यायपालिका अलग रहन सक्दैन । नेपाली जनताको मौलिक हकको सुरक्षा गर्ने, समाजमा विद्यमान कुरीति, असमानता, विभेद, अपराध तथा आतंकवादजस्ता रोगहरूको न्यायिक उपचार गरी समाजलाई सुरक्षित राख्ने दायित्व न्यायपालिकाको हुन जान्छ ।

४. नेपालको परिप्रेक्ष्यमा राष्ट्रिय सुरक्षाको लागि मुख्य जिम्मेवार संस्था नेपाली सेना हो । अन्य सुरक्षा निकायहरू सशस्त्र प्रहरी बल, नेपाल प्रहरी तथा राष्ट्रिय अनुसन्धान विभागलगायतका अन्य सरकारी निकायहरू राष्ट्रिय सुरक्षाका सहयोगी अंगहरू हुन् ।
५. राष्ट्रिय सुरक्षा गर्ने दायित्व तहगत रूपमा समेत फैलिएर रहेको छ । नेपालको राष्ट्रिय सुरक्षा नीतिलाई कार्यान्वयन गर्ने दायित्व अधिकारप्राप्त स्वायत्त सबै निकायहरू, राष्ट्रिय सुरक्षा परिषद् र नेपाल सरकारका केन्द्रीय, क्षेत्रीय, जिल्लास्तरीय तथा स्थानीय सुरक्षा निकाय एवं सम्बन्धित अन्य निकायहरूको समेत हुन्छ ।

## राष्ट्रिय सुरक्षा नीतिका सबल पक्षहरू

(क) राष्ट्रिय सुरक्षा परिषद्को व्यवस्था ।
(ख) केन्द्रीय सुरक्षा समितिको व्यवस्था ।
(ग) नेपालमा चार प्रकारका सुरक्षा अंगहरू गरी करिब दुई लाख दक्ष जनशक्ति रहेको । राज्यको निर्णायक शक्तिको रूपमा नेपाली सेना, शान्ति सुरक्षा कायम राख्न नेपाल प्रहरी र सशस्त्र प्रहरी बल साथै खबर संकलन तथा विश्लेषणको लागि राष्ट्रिय अनुसन्धान विभाग रहेका छन् ।
(घ) राज्यको कार्यकारी प्रमुख प्रधानमन्त्रीलाई सुरक्षासम्बन्धी सल्लाह दिन सुरक्षा निकायहरूका प्रमुखको अतिरिक्त सुरक्षा सल्लाहकारको व्यवस्था रहेको ।

## राष्ट्रिय सुरक्षा नीतिका दुर्बल पक्षहरू

(क) आधिकारिक रूपमा राष्ट्रिय सुरक्षा नीति नभएको ।
(ख) राष्ट्रिय सुरक्षा परिषद्को भूमिका अन्तरिम संविधान, २०६३ मा सीमित रूपमा उल्लेख गरिएको ।
(ग) राष्ट्रिय सुरक्षा परिषद्लाई आफ्नो कार्य सञ्चालन गर्न सहयोग पुऱ्याउन खडा गरिएको राष्ट्रिय सुरक्षा परिषद् सचिवालयको संगठन बृहत् भए तापनि राष्ट्रिय सुरक्षा परिषद्ले प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको ।
(घ) राष्ट्रिय सुरक्षा परिषद्मा देशको निर्णायक शक्ति नेपाली सेनाको प्रधानसेनापति सदस्यको रूपमा नरहँदा राष्ट्रिय सुरक्षासम्बन्धी सल्लाह दिने कार्य गौण भएको ।

(ङ) सुरक्षा निकायका प्रमुख अंगहरू (विशेष गरी नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग) मा राजनीतिक हस्तक्षेप व्यापक रहेको हुँदा पूर्ण व्यावसायिक रूपमा कार्य गर्न नसकेको ।

(च) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको खबर संकलन तथा विश्लेषण गरी सही मूल्यांकन गर्नसक्ने क्षमता हाल सुरक्षा निकायहरूमा कमी रहेको

(छ) राष्ट्रिय सुरक्षाजस्तो गहन विषयमा सबै सुरक्षा निकायहरूबीच समन्वयको कमीले गर्दा राष्ट्रिय सुरक्षाको मामिलामा 'इन्टिग्रेटेड एप्रोच' नदेखिएको ।

(ज) राष्ट्रिय सुरक्षासम्बन्धी विविध विषयहरूमा आवश्यक सुझाव तथा सल्लाह गर्ने कार्यमा नेपाली सेनाको भूमिकालाई न्यून पारिएको ।

(झ) राज्य सञ्चालन गर्ने प्रमुख राजनीतिक दलहरूले नै राष्ट्रिय सुरक्षाबारे स्पष्ट नीति तर्जुमा गर्न पहलकदमी नगर्दा राष्ट्रिय सुरक्षासम्बन्धी विषयले राष्ट्रिय राजनीतिमा प्राथमिकता पाउन नसकेको, जसले गर्दा बाह्य शक्तिले देशको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने मौका पाएको ।

## परिवर्तित अवस्थामा भावी संविधानमा नेपाली सेनालगायत अन्य सुरक्षा निकायहरूको गठन, सञ्चालन, नियन्त्रण तथा भूमिकासम्बन्धमा के–कस्ता प्रावधान राख्न वाञ्छनीय हुन्छ भन्ने सम्बन्धमा सुझाव

१. नेपाली सेना : नेपाली सेना सम्बन्धमा देहायका संवैधानिक व्यवस्था हुनुपर्ने :

(क) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता र संविधानको रक्षा तथा संवर्द्धनका लागि नेपाली सेनाको एक संगठन रहनेछ ।

(ख) नेपालको राष्ट्रप्रमुख नेपाली सेनाको सर्वोच्च सेनापति (कमाण्डर-इन-चीफ) हुनेछ । नेपाली सेनाको सर्वोच्च सेनापतिलाई सेनाका अधिकृत क्याडेटलाई कमिसन प्रदान गर्ने, सैनिक समारोहमा भाग लिने तथा सैनिक कल्याणकारी कार्यको संरक्षकत्व गर्ने अधिकार रहनेछ ।

(ग) नेपाली सेनाको प्रधानसेनापतिको नियुक्ति सैनिक योग्यता पुगेका वरिष्ठताको आधारमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखले गर्नेछ ।

(घ) नेपाली सेनाको सञ्चालन र व्यवस्थापन कानुनबमोजिम प्रधानसेनापतिबाट हुन्छ । (नेपाली सेनाको सञ्चालन भन्नाले संगठनको अपरेसनल, बन्दोबस्ती तथा कल्याणकारीलगायतका क्षमता वृद्धि तथा कायमीका

लागि गरिने सबै प्रकारका गतिविधिहरू बुझिनेछ भने व्यवस्थापन भन्नाले सकल दर्जाको वृत्ति विकास, आर्मिङ, फ्यूलिङ, मुभिङ, इक्यूपिङ, ट्रेनिङ भनी बुझ्नु पर्दछ ।)

(ङ) प्रधानसेनापति रक्षा परिषद्को अध्यक्ष हुनेछ र राष्ट्रप्रमुखको सुरक्षासम्बन्धी विषयमा प्रमुख सल्लाहकारको रूपमा रही आवश्यक राय सुझाव दिनु हुनेछ ।

(च) नेपालको संविधानमा उल्लेख भएबमोजिमका भूमिकाहरूमा नेपाली सेनाको पारदर्शी, उत्तरदायी र प्रभावकारी प्रयोगलाई सुनिश्चित गर्न रक्षा मन्त्रालयले नीति निर्माण, बजेट तथा स्रोत साधन उपलब्ध गराउने, अन्य मन्त्रालय तथा निकायसँग सम्पर्क तथा समन्वय गर्ने, सेनाका गतिविधि सम्बन्धी जनचासोका विषयमा सुसूचित गराउने तथा आवश्यक अनुगमनको कार्य गर्नेछ ।

(छ) नेपालमा राष्ट्रिय सुरक्षा तथा सेनासम्बन्धी विषयहरूमा हुने सरकारी निर्णय तथा नीति र कार्यक्रमको कार्यान्वयन अनुगमन गर्न तथा आवश्यक खबरदारी गर्न विधायिकाले सुरक्षासम्बन्धी संसदीय समिति निर्माण गर्नेछ जसको अध्यक्षमा प्रतिपक्षी दलका नेता हुनेछ ।

(ज) नेपाली सेनालाई राष्ट्रिय स्वरूप प्रदान गर्न र समावेशी बनाउन मधेसी, आदिवासी जनजाति, दलित, महिला, पिछडिएका क्षेत्रलगायतका जनताको प्रवेश समानता र समावेशी सिद्धान्तका आधारमा कानुनमा व्यवस्था गरी सुनिश्चित गरिनेछ ।

२. राष्ट्रिय सुरक्षा परिषद् : राष्ट्रिय सुरक्षा परिषद् सम्बन्धमा देहायका संवैधानिक व्यवस्था हुनुपर्ने :

(क) गठन : नेपाली सेनाको परिचालन र प्रयोग तथा राष्ट्रिय सुरक्षासम्बन्धी सम्पूर्ण विषयहरूमा सम्बद्ध सबै मन्त्रालय तथा निकायहरूबीच नीतिगत तथा कार्यगत संयोजन गरी मन्त्रिपरिषद्लाई राय सुझाव दिनका लागि नेपालमा एक राष्ट्रिय सुरक्षा परिषद् रहनेछ, जसमा देहायबमोजिम अध्यक्ष र सदस्यहरू रहनेछन् (विस्तृत खाका समावेश गरिएको) : प्रधानमन्त्री- अध्यक्ष, सदस्यहरू- रक्षामन्त्री, गृहमन्त्री, अर्थमन्त्री, परराष्ट्रमन्त्री, प्रमुख प्रतिपक्षी दलको नेता, राष्ट्रिय सुरक्षा समिति (विशेष समिति) का सभापति, प्रधानसेनापति- स्टाचुटोरी मेम्बर (सैनिक सल्लाहकार) ।

(ख) प्रधानमन्त्री र रक्षामन्त्री एकै व्यक्ति रहेको अवस्थामा मन्त्रिपरिषद्को वरिष्ठतम् सदस्य राष्ट्रिय सुरक्षा परिषद्को सदस्य हुनेछ ।

(ग) राष्ट्रिय सुरक्षा परिषद्ले आफ्नो बैठकमा आवश्यकताअनुसार अन्य व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

(घ) सचिवको काम रक्षासचिव वा मुख्य सचिव वा प्रधानमन्त्रीले तोकेको अन्य सचिवले गर्नेछ ।

(ङ) राष्ट्रिय सुरक्षा परिषद्को अन्य काम, कर्तव्य तथा अधिकार कानुनमा तोकिएबमोजिम हुनेछ ।

(च) प्राकृतिक विपतका कारणले नेपाली सेना परिचालन भएकोमा बाहेक सेना परिचालनसम्बन्धी नेपालसरकार, मन्त्रिपरिषद्बाट भएको निर्णय एक महिनाभित्र संसदको विशेष समितिबाट अनुमोदन हुनुपर्ने । विशेष समितिको कार्य सबै प्रमुख राजनीतिक दलहरूको प्रतिनिधित्व रहेको 'राष्ट्रिय सुरक्षा समिति' ले गर्नुपर्ने ।

(छ) नेपाली सेनाको प्रयोग र परिचालन राष्ट्रिय सुरक्षा परिषद्को सुझावमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखबाट हुनुपर्ने । (प्रयोग भन्नाले साधारण अवस्थामा सेनालाई दिइने जिम्मेवारी बुझ्नुपर्छ भने परिचालन भन्नाले असाधारण तथा गम्भीर सुरक्षा परिस्थितिको सामान्यीकरणका लागि सैन्य शक्तिको प्रयोग भन्ने बुझ्नु पर्दछ ।)

(३) रक्षा परिषद् (डिफेन्स काउन्सिल) :

(क) राष्ट्रिय अस्तित्वमाथि आउन सक्ने सम्भावित खतराहरूको पहिचान तथा विश्लेषण गरी सोझै राष्ट्रप्रमुख तथा सरकार प्रमुखलाई आवश्यक राय सुझाव प्रदान गर्न नेपाली सेनाको प्रधानसेनापतिको अध्यक्षतामा अन्य सुरक्षा निकायका प्रमुखहरू र विज्ञहरूसमेत रहेको नेपालमा एक रक्षा परिषद् गठन गरिनेछ । यस परिषद्को सदस्य सचिव नेपाली सेनाको व्यवस्था तथा युद्धकार्य महानिर्देशक रहनेछन् ।

(ख) रक्षा परिषद्सम्बन्धी अन्य कुराहरू कानुनमा व्यवस्था भएबमोजिम हुनेछ ।

(४) अन्य व्यवस्था :

(क) प्रधानसेनापतिको नियुक्ति : नेपाली सेनाको प्रधानसेनापतिको नियुक्ति सैनिक योग्यता पुगेका वरिष्ठताको आधारमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखबाट गरिनेछ ।

(ख) अन्तरिम संविधान २०६३ को धारा १४४ उपधारा २, ३ र ४(क) मा उल्लिखित लोकतान्त्रीकरण, समावेशीकरण आदि शब्दावलीहरू हटाई 'नेपाली सेनाको सांगठनिक संरचना तथा ऐन कानुनहरू सर्वमान्य प्रजातान्त्रिक सिद्धान्तहरूअनुसार हुनेछ' भनी संविधानको सेनासम्बन्धी भागमा उल्लेख गरिनुपर्ने ।

(ग) केन्द्रीय सरकारको प्रत्यक्ष मातहतमा नेपाली सेना रहनेछ । राज्यको संघीय स्वरूप निर्धारण भएमा त्यस्तो स्वरूपको आधार र सैनिक आवश्यकताअनुसार राज्य स्तरमा समेत उपयुक्त सैनिक इकाइहरू तैनाथ गरिनेछ । तर, सैनिक इकाइहरू नेपाली सेनाको मातहतमा रहनेछन् ।

(घ) विद्यमान बहुआयामिक सुरक्षाको खतरा तथा बिग्रँदो आन्तरिक शान्ति सुरक्षाको सिद्धान्तलाई मध्यनजर राख्दा नेपाली सेनालाई पेसागत दक्षता, आधुनिकीकरण, अझ सबल तथा मजबुत गर्दै लैजानु पर्ने देखिन्छ ।

(ङ) नेपाल सरकार र नेपाली सेनाको पुलको रूपमा काम गर्ने रक्षा मन्त्रालयको क्षमतालाई अभिवृद्धि गरी अझ मजबुत तथा सबल पार्नुपर्ने देखिन्छ ।

(च) संघीय राज्यमा राज्यगत 'ल एण्ड अर्डर' कायम गर्न संघीय प्रहरी र सशस्त्र प्रहरी बलको स्थापना गर्ने । नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलमा हाल रहेका जनशक्तिहरूलाई पनि संघीय तहको सुरक्षा निकायमा सहभागी गराउनु पर्ने ।

(छ) केन्द्रीय तहमा समेत केन्द्रीय प्रहरी तथा सशस्त्र प्रहरी बलका केन्द्रीय इकाइहरू रहनु पर्ने । उक्त इकाइहरूलाई आवश्यकता हेरी विभिन्न स्थानहरूमा तैनाथ गर्न सकिने ।

(ज) सीमा सुरक्षा बल खडा गरिएमा सो बललाई केन्द्रीय तहअन्तर्गत राख्ने र अन्य बलहरू जस्तै औधोगिक सुरक्षा, पर्यटक, नगर प्रहरी आदिहरू राज्यअन्तर्गत राख्न सकिने । अन्तर्राष्ट्रिय सीमा सुरक्षा सम्बन्धमा परिचालित सम्पूर्ण सुरक्षा अंगहरू नेपाली सेनाको प्रत्यक्ष कमाण्ड कन्ट्रोलअन्तर्गत राखिनुपर्ने । उल्लिखित फौजको अन्य व्यवस्थापन सम्बन्धित निकायले व्यवस्था गर्नेछ ।

(झ) कुनै पनि नयाँ सुरक्षा अंगको स्थापना/गठनलगायत हातहतियार, खरखजानासम्बन्धी नीति निर्माण गर्दा नेपाली सेनाको सहभागिता रहनुपर्ने ।

(ञ) केन्द्रीय तथा राज्य सरकारअन्तर्गत रहने/खडा हुने सम्पूर्ण सुरक्षा अंगहरूको संरचना, क्षमता, स्वरूप निर्धारण गर्दा नेपाली सेना सरह वा सोभन्दा माथि हुन नहुने ।

(ट) नेपालमा विद्यमान अन्य सुरक्षा निकायहरू नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा राष्ट्रिय अनुसन्धान विभागका बारेमा संवैधानिक व्यवस्था नभएको ।

(ठ) विद्यमान सशस्त्र र जनपथ प्रहरी संरचनालाई 'मर्ज' गरी एउटै प्रहरी संगठन बनाउनु पर्ने । प्रत्येक प्रहरी गणमा एउटा सशस्त्र प्रहरी कम्पनी राख्न उचित हुने जसले गर्दा राज्य खर्चमा मितव्ययिता तथा कार्यक्षमतामा प्रभावकारिता र छरितोपन (प्रशासनिक कार्य सजिलो) हुन्छ ।

## नेपाली सेनाको कर्तव्य, संगठनात्मक संरचना र स्वरूपसम्बन्धी सुझाव

वर्तमान परिस्थिति तथा राष्ट्रिय सुरक्षाविरूद्ध भविष्यमा आउन सक्ने सम्भावित खतरालाई ध्यानमा राखी नेपाली सेनाको मुख्य कर्तव्य तथा जिम्मेवारी 'नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय एकताको रक्षा तथा संविधानको संरक्षण गर्ने' भनी संविधानमा उल्लेख हुनुपर्ने ।